# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मितिः २०८३।०२।०५ गते ।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

वादी नेपाल सरकार प्रतिवादी तिर्थराज भट्टराईसमेत भएको घुस/रिसवत लिई दिई भ्रष्टाचार गरेको र सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) सम्बन्धी कसुर (०८२-CR-००५३) मुद्दामा सरकारी साक्षीका रुपमा पेश गरिएका दिपक थापाले प्रतिकुल हुने गरी बकपत्र गरेको भन्नेसमेत ब्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा प्रतिवादी तिर्थराज भट्टराईसमेत भएको घुस/रिसवत लिई दिई भ्रष्टाचार गरेको र सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) सम्बन्धी कसुर गरेको मुद्दामा अनुसन्धानको क्रममा अनुसन्धान अधिकृतलाई सहयोग गरेको कारण भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुरको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुरमा सजाय मागदाबी नलिई सोही ऐनको दफा ५५ बमोजिम सजायमा पूर्ण छुट दिई सरकारी साक्षीका रुपमा पेस गरिएका जिल्ला स्याङ्जा, फेदीखोला गाउँपालिका वडा नं. ३ स्थायी वतन भएका DMC Travels Pvt. Ltd. पोखराका तत्कालीन मार्केटिङ अफिसर दिपक थापाले विशेष अदालत, काठमाडौंमा मिति २०८३।०१।१५ गते बकपत्र गर्दा आयोगमा अनुसन्धानको क्रममा गरेको बयान तथा आरोप मागदाबी व्यहोराको प्रतिकूल हुने गरी बकपत्र गरेको पुष्टि भएकोले निजले भिजिट भिसामा मानिस विदेश पठाउँदा सेटिङ्ग गर्ने गरेको, सो सेटिङ्ग गर्दा एयरपोर्ट अध्यागमनमा यात्रु विदेश प्रस्थान हुनु केही अगाडी नाम टिपाउने गरेको, होटल बुकिङ्गको कागजात, डलर सटहीका कामहरू आफ्नै कम्पनीबाट गर्ने गरेको बेहोरा खुल्न आएबाट निजले बदनियतपूर्वक सेटिङ्ग गरी भिजिट भिसामा मानिस विदेश पठाउने गरेको पुष्टि भएको देखिंदा निजले प्रतिवादी बालकृष्ण खड्काको सहयोगी भई राष्ट्रसेवक प्रतिवादी तिर्थराज भट्टराई समेतलाई घुस/रिसवत दिएको उक्त कार्य मुख्य कसुरदारले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा मुख्य कसुरदारलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुरमा सोही ऐनको दफा ३ को उपदफा (३) ले निर्देश गरेबमोजिम बिगो रू.३०,२०,०००।- (तीस लाख बीस हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम बिगो रकम जफत/असुल हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्याश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने